संघीय संसद
प्रतिनिधि सभा
नवौं अधिवेशन
बैठक संख्या - १२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७८ साल असोज २५ गते सोमबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको २:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम बैठक प्रारम्भ हुनासाथ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सभामा उपस्थित मा० सदस्यहरू सभामुख आशन अगाडि वेलमा आई विभिन्न नाराहरू लगाउने क्रम शुरु गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "नेपालको संविधानको धारा १०५ को प्रावधान लगायत प्रतिनिधि सभा नियमावली, २०७५ को नियम ६ को उपनियम (६) तथा नियम २१ को खण्ड (ख), (ग) र (घ) का प्रावधानहरु प्रति पुन: ध्यानाकर्षण गराउँदछु । साथै आफ्ना कुराहरु विधि, पद्धति एवं प्रक्रिया सम्मत रुपमा सदनमा राख्न तथा आ-आफ्नो आशन ग्रहण गरी सभा सञ्चालनमा सहयोग पुऱ्याउन अनुरोध गर्दछु" भन्नुभयो ।

वहाँले "सदनको नियमित अवरोधले सभाले सम्पादन गर्नु पर्ने महत्वपूर्ण कार्यहरु प्रभावित हुन पुगेका छन् । संसदका कार्यहरु प्रत्यक्ष रुपले आम सरोकारका विषयहरु हुने भएकोले यस्ता अवरोधहरुमा नियमितता देखिनुले राम्रो सन्देश प्रवाह गर्दैन । यस प्रति संवेदनशील एवं सचेत हुन तथा बैठकलाई सुव्यवस्थित सञ्चालनका लागि सहयोग गर्न अनुरोध गर्दछु । सभाको बैठकको नियमित अवरोधको कारण आम जनमानसमा संसद प्रति निराशा हुनसक्ने तर्फ हामी सबै सचेत हुन जरुरी छ । माननीय सदस्यहरुको रचनात्मक भूमिकाले नै संसदको प्रभावकारीता अभिवृद्धि हुन्छ भन्ने कुरामा म विश्वस्त छु र माननीय सदस्यहरुलाई पनि यस विषयमा मनन् गर्न आग्रह गर्दछु" भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखबाट बारम्बार आशन ग्रहणको लागि अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले)का मा० सदस्यहरूबाट नारा लगाउने क्रम नरोकिएपछि नाराको बीच सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिको कार्यालयबाट प्राप्त मन्त्रिपरिषद्को गठन सम्बन्धी निम्नलिखित पत्र पढेर सुनाउनुभयो :-

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) तथा धारा ७८ को उपधारा (१) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको सिफारिसमा मिति २०७८/६/२२ गते देहायअनुसार नियुक्ति, हेरफेर र कार्यविभाजन गरी देहायबमोजिम मन्त्रिपरिषद् गठन गर्नुभएको व्यहोरा अनुरोध गर्दछु ।

| क्र.सं. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १ | श्री शेरबहादुर देउवा | प्रधानमन्त्री | |
| २ | श्री बालकृष्ण खाँण | मन्त्री | गृह |
| ३ | श्री ज्ञानेन्द्रबहादुर कार्की | मन्त्री | सञ्चार तथा सूचना प्रविधि |
| ४ | श्री पम्फा भुसाल | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाई |
| ५ | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | मन्त्री | सङ्घीय मामिला तथा सामान्य प्रशासन |
| ६ | श्री विरोध खतिवडा | मन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| ७ | श्री जनार्दन शर्मा | मन्त्री | अर्थ |
| ८ | डा. मीनेन्द्रप्रसाद रिजाल | मन्त्री | रक्षा |
| ९ | श्री उमाकान्त चौधरी | मन्त्री | खानेपानी |
| १० | डा. नारायण खड्का | मन्त्री | परराष्ट्र |
| ११ | श्री रेनुकुमारी यादव | मन्त्री | भौतिक पूर्वाधार तथा यातायात |
| १२ | श्री प्रेम बहादुर आले | मन्त्री | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन |
| १३ | श्री दिलेन्द्रप्रसाद बडू | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| १४ | श्री देवेन्द्र पौडेल | मन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |
| १५ | श्री महिन्द्र राय यादव | मन्त्री | कृषि तथा पशुपंक्षी विकास |
| १६ | श्री उमा रेग्मी | मन्त्री | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक |
| १७ | श्री शशी श्रेष्ठ | मन्त्री | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण |

| क.सं. | नाम, थर | पदनाम | कार्यविभाजन |
|---|---|---|---|
| १८ | श्री रामकुमारी झाँकी | मन्त्री | सहरी विकास |
| १९ | श्री गजेन्द्रबहादुर हमाल | मन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति |
| २० | श्री रामसहाय प्रसाद यादव | मन्त्री | वन तथा वातावरण |
| २१ | श्री कृष्णकुमार श्रेष्ठ | मन्त्री | श्रम, रोजगार तथा सामाजिक सुरक्षा |
| २२ | श्री महेश्वरजंग गहतराज | मन्त्री | युवा तथा खेलकूद |
| २३ | श्री उमेश श्रेष्ठ | राज्यमन्त्री | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २४ | श्री भवानीप्रसाद खापुङ | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या |
| २५ | श्री बोधमायाकुमारी यादव | राज्यमन्त्री | शिक्षा, विज्ञान तथा प्रविधि |

(तोयनारायण ज्ञवाली)
सचिव

मिति :- २०७८/०६/२२

तत्पश्चात् सम्माननीय सभामुखको अनुमतिले सम्माननीय प्रधानमन्त्रीको तर्फबाट मा० कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री दिलेन्द्रप्रसाद बडूले नेपालको संविधानको धारा २९४ बमोजिम "मधेशी आयोगको तेस्रो वार्षिक प्रतिवेदन (आ.व. २०७७/७८)" पेश गर्नुभयो ।

त्यसपछि सम्माननीय सभामुखको अनुमतिले राष्ट्रिय सभामा उत्पत्ति भई प्रतिनिधि सभामा विचाराधीन रहेको "रेल्वे विधेयक, २०७६" प्रतिनिधि सभाको मिति २०७८ असोज २२ गतेको बैठकमा प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १२१ को उपनियम (५) बमोजिम फिर्ता लिनको लागि राष्ट्रिय सभाको सहमति प्राप्त गर्ने प्रस्ताव पारित गरी पठाइएकोमा राष्ट्रिय सभाको मिति २०७८ असोज २५ गतेको बैठकबाट सहमति प्राप्त भई आएकोले मा० भौतिक पुर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादवले उक्त विधेयक फिर्ता लिने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले मा० भौतिक पुर्वाधार तथा यातायात मन्त्री श्री रेनुकुमारी यादवले राख्नुभएको "रेल्वे विधेयक, २०७६" फिर्ता लिने प्रस्तावलाई निर्णयार्थ सभामा प्रस्तुत गर्नुहुँदा बहुमतबाट स्वीकृत भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले माननीय सदस्यहरु लगायत सम्पूर्ण देशबासी एवं विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा संघीय संसद, प्रतिनिधि सभा तथा आफ्नो तर्फबाट समेत विजया दशमी, शुभ दिपावली, नेपाल सम्वत् ११४२ एवं छठ पर्वको हार्दिक शुभकामना व्यक्त गर्नुभयो ।

तदनन्तर अर्को बैठक २०७८ साल कार्तिक ९ गते मंगलबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको २:४० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव